बाल सन्दर्भ सामग्री – २१

अमूल्य उपहार



नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

अमूल्य उपहार

यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

लेखन
विजय चालिसे
जनकप्रसाद हुमागाईं

चित्राङ्कन कर्ता
श्रीहरि श्रेष्ठ

आवरण
नविन्द्र राजभण्डारी

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३

पाठ्यक्रम विकास केन्द्र

विषय सूची

क्र.स.	शीर्षक	पृष्ठ
१.	दीपकको काठमाडौँ यात्रा	५
२.	रमाइलो दण्ड	११
३.	कन्ठे कागको घमन्ड	१४
४.	अमुल्य उपहार	१९
५.	साधु खरायो	२३
६.	परिश्रम नै तपस्या	२६
७.	असल मित्र	२९
८.	ठग समतियो	३२
९.	सडकको महत्त्व	३५
१०.	सबैभन्दा महँगो ढुङ्गा	३८

दीपकको काठमाडौँ यात्रा

जनकप्रसाद हुमागाईं

एक दिन दीपकले हजुरबासँग भन्यो, "हजुरबा ! अहिलेको हिँउदे छुट्टीमा तपाइँसँग म पनि काठमाडौँ सहर हेर्न जान्छु है ।"

"हुन्छ ! त्यसबेला सुन्तला बिक्री गर्न जाँदा तिमीलाई पनि सँगै लैजाउँला", हजुरबाले भने ।

मङ्सिर गयो । पुस लाग्यो । विद्यालय छुट्टी भयो बगैँचामा सुन्तला पाके । हजुरबाले सुन्तला टिपे । ट्रकमा हाले । अनि दीपक र आफू पनि त्यही ट्रकमा बसी काठमाडौँतिर लागे ।

दीपक यसअघि काठमाडौँ गएको थिएन । आज हजुरबासँगै जान पाएकोमा हर्षले गद्गद् थियो । ट्रक बाटोमा पर्ने खोलानाला, वन जङ्गल, खेतबारी, पाखापखेरा, सहर बजार, भन्ज्याङ, देउराली आदि हुँदै काठमाडौँ सहरको दक्षिणतिर बल्खुको फलफुल बजारमा पुगी रोकियो । दीपक हजुरबासँग ट्रकबाट ओर्लियो । हजुरबा सुन्तला बिक्री गर्ने तरखरमा लागे । दीपक फलफुल बजारको नौलो चहलपहल हेर्न थाल्यो । त्यहाँ सुन्तला किनबेच गर्ने मानिसको ठुलो भिड थियो । अन्य फलफुलको पनि त्यसरी नै किनबेच हुँदै थियो । हजुरबाले सुन्तला बेच्ने काम सकेर दीपकलाई कालीमाटीको तरकारी बजार देखाउन लाने विचार गर्दै भने, "अब हामी बस चढेर कालीमाटी जान्छौँ र त्यहाँ तरकारी बजार हेर्छौँ ।"

दीपक खुसी भयो । हजुरबा उसलाई साथै लिई नजिकैको बस बिसौनीमा गएर कालीमाटीतिर जाने बस चढे । एकैछिनमा कालीमाटी पुगे र बसबाट ओर्लिए । उनी तरकारी बजारभित्र पसे । त्यहाँ पनि फलफुल बजार जस्तै तरकारी किनबेच गर्ने मानिसको ठुलो भिड थियो । दीपकले पहिलो पटक यसप्रकारको फलफुल र तरकारी बजार देखेको थियो । यिनै कुरा उसले सुनाउँदै हजुरबासँग भन्यो – "यहाँ यसरी फलफुल तरकारी बिक्री हुँदोरहेछ र पो

गाउँगाउँमा फलफुल तथा तरकारी खेती गर्ने चलन बढेर गएको रहेछ हगि हजुरबा ?"

यस्तो खेतीको नयाँ चलन सुरु गर्न खोज्दा सुरुसुरुमा आफूले भोग्नुपरेका नाना प्रकारका समस्याहरू सुनाउन खोज्दै हजुरबाले भने, "हिजोआज हाम्रो गाउँघरमा मलाई सबैले 'सुन्तला बाजे' भन्छन् । थाहा छ तिमीलाई ?"

हजुरबाले भने, "हाम्रो गाउँघरमा सबभन्दा पहिले मैले सुन्तला खेती गर्न सुरु गरेको हुँ । म भन्दा पहिले पारी गाउँको रेखाबहादुर भन्नेले सुन्तला खेती गर्न थालेका हुन् । उनले गरेको सुन्तला खेती र त्यसबाट हुने राम्रो आम्दानी देखेर आफ्नो घरको आर्थिक समस्या टार्न सुन्तला खेती गर्नु उपयुक्त हुन्छ भन्ने ठानी मैले आफ्नो घरबारीमा सुन्तला खेती गर्न लागेको हुँ ।"

दीपकले भन्यो "कहिलेदेखि थाल्नुभएको हो ?"

हजुबाले भने, "यो कुरो आजभन्दा पैंतिस छत्तिस वर्षअघिको हो । त्यसवेला हाम्रो गाउँघरमा फलफुल खेती गर्ने चलन थिएन । धान मकैको मात्र खेती गर्थे । कसैकसैले दुई चार ओटा फलफुलका बोट रोपी बगैंचा बनाउने काम गरेको भए पनि आफ्नो खेतबारीको फलफूल धानमकै झैँ बेचविखन गर्नुहुन्न भन्थे । "किन हुन्न ?" भन्दा "पाप लाग्छ" भन्थे । हाम्रो पनि सुन्तला, भोगटे, निबुवा, ज्यामिर, कागती, नास्पाती, आरु, आरूबखडाको सानो बगैंचा थियो । त्यहाँ भएका सबै फलफुल बाँडेर, खाएर सकिन्थ्यो । बिक्री गर्ने चलन थिएन । घरमा दुख छ । बाँडेर खाएर मात्र किन सक्ने ?" भन्दा हाम्रा आमाबाले पनि बिक्री गर्नुहुन्न, धर्म मासिन्छ, पाप लाग्छ भन्थे र आफुलाई परेको आर्थिक दुख भोगेर बस्थे ।"

दीपकले भन्यो, "अनि तपाईँले कसरी सुरु गर्नु भयो त ?"

हजुरबाले भने, " ढाँटेर, छलेर, लुटेर, चोरेर अरूको कमाई खानु पो पाप हो । फलफुल खेती गरेर खानु कसरी पाप हुन्छ ? बरु फलफुल खेती गर्नाले अरूले पनि यस्तो खेती गर्न थाल्नेछन् । अरूको पनि आर्थिक स्थिति राम्रो बन्न थाल्छ । आफूले पनि राम्रो आम्दानी गरी आर्थिक कष्ट टार्न सकिन्छ । जहान परिवारले खान लाउन पाउँछन् । अरूका परिवारले पनि खानलाउन पाउँछन् , खान लाउन पाउनु पो धर्म हो । किनभने खान लाउन नपाएपछि मान्छे मर्न सक्छ । मान्छे भोकै नाङ्गै मर्नु धर्म हो भने मात्र फलफुल खेती गर्नु, आफ्नो खेतीको फलफुल बिक्री गर्नु पाप हो । होइन भने फलफुल खेती गर्नु, आफ्नो खेतीको फलफुल बेच्नु पनि कहाँ पाप हो ? पाप होइन । धर्म हो । यही विचार गरी मैले फलफुल

खेती गर्न सुरु गरेको थिएँ ।" दीपकले भन्यो, "त्यसपछि के के भयो त हजुरबा ?"

हजुरबाले भने, "त्यस बेला गाउँघरमा बाँस रोपे मरिन्छ भन्थे । अदुवा रोपे महारोग हुन्छ भन्थे । आलु रोपे दशा लाग्छ भन्थे । यस्तै भन्नेहरूले त्यसबेला हल्ला गर्दै मलाई भन्न थालेका थिए, "फलानो मान्छे त राम्रै हो तर बौलायो । मुडेहात लामा मकैका घोका फल्ने घरबारीमा सुन्तलाका छेस्का घुसारेर गर्न नहुने काम गर्‍यो ।" कसैले भन्थे, "अब यसले गाउँघरमा नचाहिने काम गर्न थाल्यो । बाबुबाजेको धर्म पोल्न थाल्यो । यही पापले यसको सत्यनाश हुने भयो ।"

दीपकले चाख दिएर हजुरबाको कुरा सुन्दै गयो । हजुरबा आफूलाई परेका कुरा सुनाउँदै गए । "एक तिर यस्तो हल्ला गर्नेहरूले नाना प्रकारले मनमा अशान्तिको आँधीबेरी ल्याइदिन्थे भने अर्कातिर सुन्तलाका जरा काट्ने, डाँठमा प्वाल पार्ने किरा लाग्ने । दानामा खोटेत्रो लाग्ने गर्थ्यो । यस्तो समस्यासँग जुधी जसो तसो गरी जोगाएको सुन्तला पनि दुष्ट स्वभावका मान्छेहरूले चोरेर धुरुक्क पार्थे । रोग, किरा उन्मुलन गर्ने उपाय सिकाइ दिने मान्छे पाइँदैनथे । चोरीचकारी गर्नेलाई हप्काउन, तह लाउन सहयोग मिल्दैनथ्यो । सबै समस्यासँग आफैँ जुध्नुपर्थ्यो ।"

हजुरबा भन्दै गए, "जब हामीले अनेक दुख गरी अनेक समस्यासँग जुधी सुन्तला खेती राम्रो बनाइछाड्यौँ र त्यसबाट बर्सेनि हजारौँ रुपियाँको आम्दानी लिन थाल्यौँ तब हामीलाई गर्न नहुने काम गर्‍यो, बौलायो, धर्म नाश गर्‍यो भन्नेहरूसमेत सबैले तँछाडमछाड गरी आफ्नो घरबारीमा मात्र होइन अरू जग्गा जमिनमा समेत सुन्तलाका बिरुवा लगाउन थाले । हुँदाहुँदा आज त हाम्रो गाउँ मात्र होइन जिल्ला नै सुन्तला खेतीको निम्ति नामी हुन

पुग्यो । यस कामबाट मानिसहरू लाखौँलाख आम्दानी लिन थाले । यस्तो काम सबभन्दा पहिले हामीले सुरु गरेको र आज पनि गरिरहेका हुनाले मलाई 'सुन्तला बाजे' भन्ने गरेका हुन् । अब त बुझ्यौ मैले किन, कसरी कस्तो अवस्थामा सुन्तला खेती गर्न थालें र म किन र कसरी 'सुन्तला बाजे' हुन पुगें भन्ने कुरा ?

दीपकले भन्यो, "बुझें हजुरबा ।"

यस्तै कुरा गर्दागर्दै दीपक र हजुरबा हनुमानढोका, मखनटोल, इन्द्रचोक, नयाँ सडक, वीरअस्पताल, रानीपोखरी, दरबार हाइस्कुल, घन्टाघर, टुँडिखेल, भद्रकाली, सिंहदरबार, सर्वोच्च अदालत, पुरातत्व विभाग हुँदै नयाँ बानेश्वर इष्टमित्रको घरमा बास बस्न जाँदै गर्दा उनीहरूले पुरातत्व विभागअगाडि पेटीमा बसेर केही मानिसहरूले च्याउ बिक्री गर्दै गरेको देखे । सडकमा मोटरको ताँती थियो । पेटीमा पैदलयात्रीको भिड थियो । यस्तैमा च्याउ बेच्ने एउटा मानिसको अगाडि एकजना मानिसले मोटरसाइकल रोक्यो । च्याउको मोलतोल गर्‍यो । चार पोका च्याउ किन्यो र आफ्नो बाटो लाग्यो । च्याउ बिक्रीबाट आएको पैसा च्याउ बिक्री गर्ने मानिसले बिक्री हुन बाँकी च्याउका पोकाहरूमा पटक पटक छुवायो । त्यसैगरी त्यो पैसालाई आफुले पटकपटक ढोग्यो अनि आफ्नो खल्तीमा हाल्यो ।

दीपकले त्यो सबै कुरा देख्यो र हजुरबालाई सुनाउँदै भन्यो, "हजुरबा, हजुरबा ! त्यो मान्छेले के बेचेको हो र बिक्रीबाट आएको पैसालाई किन त्यसरी बिक्री हुन बाँकी कुरामा छुवाउँदै, आफुले पनि ढोक्दै गरेको हो ?"

हजुरबाले भने, "उसले बेचेको कुरा च्याउ हो । पहिलेपहिले च्याउ खेती गरिँदैनथ्यो । हामीले सुन्तला खेती गर्न सुरु गरेजस्तै अरू केही मानिसले च्याउ खेती गर्न थालेका छन् । च्याउ पनि एकप्रकारको तरकारी खान योग्य वस्तु हो । कुनै कुनै च्याउ विखालु हुन्छन् । त्यस्तो च्याउ भने खानुहुँदैन, खाए मरिन्छ । एकथरी मानिसहरू तरकारी खान योग्य च्याउ पनि खानुहुँदैन भन्थे । अब त्यो जमाना गयो । तर च्याउको तरकारी कस्तो हुन्छ, कसरी पकाउनुपर्छ भन्ने कुरा सबैलाई थाहा छैन । यसको खेती गर्ने तरिका पनि सबैले थाहा पाएका छैनन् । बजार व्यवस्था पनि राम्रो हुन सकेको छैन । बल्लबल्ल च्याउ खेती गर्‍यो । सडक पेटीमा ल्यायो, बिक्री गर्न खोज्यो यस्तै गर्न थालेका छन् च्याउ खेतीमा लाग्ने सानातिना किसानहरू । अनि बल्लबल्ल कसैले एक दुइ पोका च्याउ किनीहाल्यो भने बिक्री गर्ने मान्छे हर्षले दङ्ग पर्छ । बाँकी च्याउ पनि छिटै बिक्री होस् । त्यसबाट राम्रो फाइदा मिलोस् भन्ने कुरा मनमनै गुन्दै बिक्रीबाट पाएको पैसा बिक्री हुन बाँकी

च्याउमा छुवाउँदै आफुले पनि ढोक्ने गर्दै गर्छ । अब त बुझ्यौ उसले त्यसो किन गरेको हो भन्ने कुरा ?"

दीपकले भन्यो, "त्यो कुरा त बुझेँ । तर यसो गरेपछि उसलको सबै च्याउ बिक्री हुन्छ ? अनि त्यसबाट उसलाई धेरै फाइदा मिल्छ त ?"

हजुरबाले भने, "सबै च्याउ छिटो बिक्री हुन राम्रो बजार व्यवस्था हुनुपर्छ । किन्ने मानिस धेरै हुनुपर्छ । अनि मात्रै धेरै च्याउ छिटै बिक्री हुन सक्छ र धेरै फाइदा मिल्न सक्छ । उसले गरेजस्तो गरेर त कहाँ धेरै च्याउ बिक्री हुन सक्छ र ?"

दीपकले भन्यो, "यस्ता कुरा च्याउ बिक्री गर्ने त्यो मानिसलाई थाहा छैन त ?"

हजुरबाले भने, "थाहा भएको भए मान्छे हिँड्ने पेटीमा होइन कालीमाटी जस्तै राम्रा तरकारी बजारमा बसी च्याउ बिक्री गर्ने गर्थ्यो र अहिले गरेजस्तो गलत विधि व्यवहार गर्न छाड्ने थियो, होइन र ?"

दीपकले भन्यो, "तपाईँले यस्ता कुरा कसरी जान्नुभयो अनि त्यस मानिसलाई पनि यस्ता कुरा कसरी जान्ने पार्न सकिएला ?"

हजुरबाले भने, "खोर्सानी पिरो हुन्छ भन्छन् । खायो भने पिरो भएको थाहा पाइन्छ । आगोले पोल्छ भन्छन् । छोयो भने पोलेको थाहा पाइन्छ । विषालु पदार्थ खानुहुँदैन भन्छन् । खायो भने मान्छे मर्छ । मैले त यसरी नै सत्यतथ्य कुरा जान्ने, बुझ्ने प्रयास गरेँ र हल्लाको भरमा चलेको कुरा छाड्ने गरेँ । उसले पनि यसै गर्ने गर्‍यो भने ठिक कुरा लिने र बेठिक कुरा छाड्ने गर्न सकिहाल्छ नि । अनि उसको च्याउ खेती पनि राम्रो हुनथाल्छ र त्यसबाट राम्रो फाइदा मिल्न पनि थालिहाल्छ नि !"

दीपकले भन्यो, "भोली, च्याउ बेच्ने त्यो मानिसलाई पनि यो कुरा सुनाऊँ है हजुरबा !"

"हुन्छ" भन्दै दीपकलाई डोर्‍याउँदै हजुरबा नयाँ बानेश्वर इष्टमित्रको घरतिर लागे । भोलिपल्ट उनले दीपकलाई चिडियाखाना, सङ्ग्रहालय, गोदावरी उद्यान घुमाए । च्याउ बेच्ने त्यो मानिससँग पनि भेट गरी आवश्यक कुरा गरे । अनि आफ्नो घर फर्किए । यिनै कुरालाई सम्झँदै घर पुगेर दीपकले आफ्ना साथीहरूलाई यात्रा विवरण सुनाउँदै भन्यो, "मेरो पहिलो काठमाडौँ यात्रा तपाईँहरूलाई कस्तो लाग्यो ?"

साथीभाइले भने, "धेरै उपयोगी लाग्यो ।"

रमाइलो दण्ड

विजय चालिसे



काठमाडौँको सहरमा एउटा बाजाहरूको पसल थियो। त्यस पसलमा हारमोनियम, बाँसुरी गितार, सितार जस्ता धेरै किसिमका बाजाहरू सजाएर राखिएका थिए । पसलमा थरीथरीका मानिसहरू बाजा किन्न भनी आउँथे । पसलका मालिक भलाद्मी थिए । उनी आफैँ पनि सङ्गीतका पारखी उस्ताद थिए । बिहान बेलुका उनी आफ्नै घरमा सङ्गीत पनि सिकाउने गर्थे । उनीकहाँ सङ्गीत सिक्न धेरै मानिस जाने गर्थे ।

एउटा १२ – १४ वर्षको केटो सँधै त्यहाँ देखिन्थ्यो। ऊ त्यो पसलको एक कुनामा उभिएर भित्र हेरिरहन्थ्यो । पसलमा सजाएर राखिएका बाजाहरूलाई बडो लोभिएर हेरिरहन्थ्यो । उस्ताद हरेक दिन त्यस केटालाई त्यसरी आएर उभिएको देख्थे । त्यो देखेर उस्तादलाई उसको बारेमा जान्ने मन भयो, 'किन आउँछ त्यो केटा हरेक दिन ! न केही भन्छ, न केही गर्छ ! एकोहोरो उभिएर बजारतिर लोभिएर हेर्छ मात्र ।'

"तिमी किन सँधै मेरो पसलअगाडि आएर उभिन्छौ ? तिम्रो कुनै काम छैन ?" पसलका मालिक उस्तादले एकदिन त्यस केटालाई भने ।

"मलाई बाजा बजाउन मन लाग्छ । त्यसमाथि पनि हार्मोनियम बाजा बजाउन सिक्ने ठुलो धोको छ । त्यसैले बाजाहरू देख्दा त्यहाँबाट हट्न मेरो मनै मान्दैन अनि उभिएर ती बाजाहरू हेरेरै भएपनि चित्त बुझाउँछु ।" केटाले जवाफ दियो ।

"बाजा सिक्न त्यस्तो मन छ भने कुनै गुरुकहाँ गएर सिके भइहाल्यो नि ! यसरी बाजा

हेरेर मात्र सिकिन्छ त !" उसको कुरा सुनेर उस्तादलाई अनौठो लाग्यो ।

"मन भएर मात्र भएन ! मेरो बाआमासँग मलाई सङ्गीत सिकाउन खर्च गर्ने पैसा छैन । न त हामी त्यसबापत फिस तिर्न सक्छौँ, न हार्मोनियम नै किन्न सक्छौँ । त्यसैले बाजा हेरेरै भएपनि चित्त बुझाउने गरेको हुँ ! बाहिर उभिँदा त तपाईँलाई बाधा पर्दैन होला नि !" केटाले बडो नम्र भएर भन्यो ।

केटाको कुरा सुनेर उनको मन पग्ल्यो । त्यसमाथि सङ्गीत सिक्ने उसको भित्रैदेखिको चाहना पनि उनले बुझे । त्यो केटा भविष्यमा ठुलो सङ्गीतकार बन्छ भन्ने कुरा पनि उनले अनुमान गरे । त्यस्तो केटालाई सङ्गीत सिकाउनु आफ्नो कर्तव्य हो भन्ने उनले ठाने । उनले भने, "ल भोलिदेखि साँझमा तिमी मेरो घरमा आउनु । म तिमीलाई हार्मोनियम बजाउन सिकाउँछु ।" केटो साँझमा हरेक दिन उनको घरमा जान थाल्यो । उस्तादकहाँ अरू धेरै मानिस सङ्गीत सिक्न आउँथे । ऊ पनि त्यही हार्मोनियम सिक्न थाल्यो । ऊ असाध्यै लगनशील र जेहेन्दार थियो । ऊ गुरुले सिकाएको कुरा तुरुन्तै सिकेर रियाज गर्न सक्थ्यो । अब उसलाई एउटै चिन्ता थियो, गुरुकहाँबाट गएपछि अभ्यास कसरी गर्ने ! ऊसँग हार्मोनियम थिएन । उसका बाआमा उसका लागि हार्मोनियम किनिदिन सक्ने अवस्थामा हुनुहुन्नथ्यो । कसरी अभ्यासलाई अगाडि बढाउने ? यो समस्या समाधान गर्न उसले धेरै उपायहरू सोच्यो तर कुनै उपाय पनि काममा ल्याउन सकिने खालको थिएन । अन्त्यमा एउटा उपाय सोचेर एक दिन गुरुसँग भन्यो, "गुरु म हजुरसँग सङ्गीत सिक्छु । त्यसबापत अरूले जस्तो म केही दिन सक्दिनँ । त्यसैले म बिहान पसल खोल्नुअगाडि पसल बडारकुँडार सफा गर्न चाहन्छु । त्यसबाट हजुरलाई पनि मदत हुन्छ, मलाई पनि गुरु दक्षिणा तिरे जस्तो सन्तोष हुन्छ । हजुरलाई ममाथि विश्वास छ भने पसलको साँचो दिनुभए हुन्छ ।" केटाको लगनशीलता र तिखो दिमागबाट गुरु प्रभाबित थिए । गुरुको उसमाथि विश्वास नहुने कुरै भएन । उसले खुसीसाथ भने, "मलाई तिमीमाथि पुरा विश्वास छ । तिमी यस्तै चाहन्छौ भने भोलिदेखि बिहान साँचो लिएर जानू ।"

भोलिपल्टदेखि केटाले डेढ घण्टाअगाडि साँचो लिएर पसल खोल्न थाल्यो । गुरु ठिक एघार बजे पसल पुग्थे ।

बजारका सबै पसल एघार बजे नै खुल्थे । गुरु पसलमा जाँदा पसल एकदमै सफा सुग्घर देखिन्थ्यो । बाजाहरू पनि राम्ररी पुछिएका हुन्थे । केटाको परिश्रमबाट उनी मनमनै अत्यन्त प्रसन्न थिए । एकदिन उस्ताद सँधैको भन्दा केही छिटो पसलमा पुगे । पसलभित्रबाट सङ्गीतको मधुरो, मिठो स्वर गुन्जिरहेको सुनियो । भित्रबाट नदेखिने गरी उनले हेरे, त्यही केटो बडो मन लगाएर हार्मोनियम बजाउँदै थियो । ऊ हार्मोनियम बजाउनमै तल्लीन भएकाले अरूतिर उसको पटक्कै ध्यान थिएन ।

"ए..... पसल सफा गर्छ भनेको त हार्मोनियम बजाउनको लागि बहाना पो खोजेको रहेछौ ! बल्ल बुझेँ !" पसलभित्र पसेर उस्तादले भने ।

उस्ताज एक्कासि पसलमा आएका र आफ्नो चोरी पक्रिएकाले ऊ डरले खड्ग्रड्गै भयो । गुरुसँग नसोधी पसलको हार्मोनियम चलाएकोमा ऊ आफूलाई दोषी ठानिरहेको थियो, "गुरु माफ पाऊँ ! अब मबाट यस्तो गल्ती कहिल्यै हुनेछैन !"

"ठिक छ, अब नगर्नू ! तर यो गल्तीको लागि भने म तिमीलाई एउटा सजाय दिन्छु ! ल एउटा राम्रो हार्मोनियम छान !" गुरुको कुरा सुनेर ऊ झनै डरायो ।

डराएरै उसले गुरुको आज्ञा पालन गर्‍यो । पसलमा भएका मध्ये सबैभन्दा राम्रो एउटा हार्मोनियम छानेर गुरुको छेउमा राखिदियो ।

"ल यो हार्मोनियम तिमीलाई मेरो उपहार भयो । तिमीले सङ्गीतको ज्ञान सिक्न पसल सफा गर्ने काम गर्‍यौ । सफसुग्घर गरेर बचेको समयमा सङ्गीतको अभ्यास गर्‍यौ । यो तिम्रो गल्ती हो भने ज्ञान सिक्ने तिम्रो चाहनाको यो गल्तीलाई म पुरस्कार दिन्छु । ल लेऊ आजदेखि यो तिम्रो भयो । गुरुको कुरा र उपहारको खुसीले उसका आँखाबाट खुसीका आँसु झरे ।

कन्ठे कागको घमन्ड

जनकप्रसाद हुमागाई

नर्वदाको टोलमा एउटा देवल थियो । देवलमा धेरै परेवा बस्ने गर्थे । नर्वदाका बा र उनका साथीहरू बिहान देवल घुम्न जान्थे र त्यहाँ पुगेपछि 'आ ! आ !' भनी परेवाहरूलाई बोलाउँथे । उनीहरूले बोलाएको सुन्नेबित्तिकै परेवाहरू वरिपरि झुम्मिन पुग्थे । उनीहरू आफूले लगेको मकै, गहुँ, कोदो, तोरी आदि परेवाको हुलमा छरिदिन्थे। परेवाहरू "मुकुमुकुघुर !" गर्दै नाच्दै, रमाउँदै, त्यहाँ छरिएको चारो (अन्न) टिपेर खान थाल्थे । नर्वदाको गाउँमा सारौँ, भँगेरा, गौँथली, काग आदि चराहरू पनि थिए । उनीहरू सबैका आ आफ्नै बस्ने, खेल्ने, चर्ने ठाउँ थिए । सबै आ आफ्नै ठाउँमा बस्ने, खेल्ने, चर्ने गर्थे ।

कागको बथानमा घाँटीमा सेतो घेरो भएको एउटा काग थियो । उसलाई सबैले 'कन्ठे काग' भन्थे । त्यो निकै चकचके र घमन्डी थियो । परेवालाई चारा हालिदिएको देख्ने बित्तिकै ऊ आफ्नो बथान छोडेर परेवाहरूले चारो खाइरहेको ठाउँमा पुग्थ्यो । ऊ परेवाहरूलाई निर्धो र आफूलाई बलियो ठान्थ्यो । ऊ उनीहरूलाई हेप्ने, जिस्क्याउने गर्थ्यो र उनीहरूलाई हालिदिएको चारो मनपरीसँग लुटेर खान थाल्थ्यो । उनीहरूका स साना बच्चाहरूलाई त जथाभावी झम्टने, ठुड्ने गरी झन धुरुक्कै पार्थ्यो ।

उसको यस्तो चालादेखि माउ परेवाहरू दिक्क हुँदै भन्ने गर्थे, "तँ यता नआइज । आफ्नै बथानमा बस् । आफ्नै बथानसँग खेल् । आफ्नै ठाउँमा चर । यहाँ आएर हामीसँग चल्ने,

जिस्कने र हाम्रा बच्चाहरूलाई झम्टने, ठुड्ने आदि प्रकारका दुख दिने नगर् । हाम्रो चारो लुटेर नखा । राम्रो मुखले भनेको मान् । तुरुन्त आफ्नो बथानमा गइहाल् ।"

ऊ झन् आफ्नो बलको तुजुक देखाउँथ्यो र भन्थ्यो, "तिमीहरूले भन्दैमा मान्छु ? जे मन लाग्छ, त्यही गर्छु । जहाँ मन लाग्छ त्यहीँ जान्छु । जे मन लाग्छ त्यही खान्छु । मलाई यसो गर् ! त्यसो गर् ! भन्ने को हौ तिमीहरू ?"

ऊ सँधै यसो भन्थ्यो । यस्तै गर्थ्यो । "कति भन्नु यस्ता दुर्जनलाई" भनी परेवाहरूले उसको मनपरी सहेर बसेका थिए । यस्तैमा एक दिन त उसले माउ परेवाहरूलाई निकै दुख दियो । बच्चाहरूलाई पनि ठुँगेर रक्ताम्मे परिदियो । बच्चाहरू आत्तिँदै र छट्पटाउँदै 'चीँ ! चीँ' गरी रुन कराउन थाले । माउ परेवाहरूले पनि "अब यसलाई राम्रो मुखले भनेर काम लागेन" भनी उसलाई चितुवाले बाखो झम्टेझैँ गरी झम्टने, चिथोर्ने, ठुड्ने गर्न थाले । एकछिन्मै ऊ रक्ताम्मे भयो । तैपनि उसले उनीहरूलाई गाली गर्न र बलको घमन्ड देखाउन छाडेन । परेवाहरूले झन् चिथोर्ने र ठुँड्ने गरेर उसको एकातिरको पखेटा नै चुँडेर फालिदिए । ऊ "काँ ! काँ !" रुँदै कराउँदै भन्न थाल्यो, "गुहार काग दाजुभाई गुहार ! मारे मलाई अत्याचारी परेवाहरूले मारे !" यो घटना त्यहाँ भएका अरू चराहरूले पनि देखेका थिए ।

उसले यसरी कराएको सुन्ने बित्तिकै सबै कागहरू तुरुन्तै घटनास्थलमा पुगे । कतै माउ परेवाहरू "ऐया ! आत्था !" भनिरहेका, कतै बच्चाहरू रक्ताम्मे भई लडिरहेका । उनीहरूकै बिचमा कन्ठे काग पनि रक्ताम्मे भएर लडिरहेको देखेपछि त्यहाँ भएको यस्तो घटनाको यथार्थ कुरा बुझ्न खोज्दै कागहरूले भने, "वास्तवमा भएको के हो र गल्ती कस्को हो ? काग र परेवा दुवैले जस्ताको तस्तै भन !"

कन्ठे कागले आफ्नो दोष लुकाउन खोज्दै "का ! का !" गरी रुँदै भन्यो, "मेरो कुनै दोष छैन । दोष यिनै परेवाहरूको हो । मलाई एक्लो

देखी यिनीहरूले यस्तो पारे । मलाई यस्तो गर्नु भनेको हामी सबै कागलाई हेप्नु हो । हामीलाई हेप्नेलाई हामीले पनि सजाय दिनै पर्छ ।" माउ परेवाले पनि "मुकुमुकु घुर् ! मुकुमुकु घुर् !" गर्दै घटनाको यथार्थ विवरण सुनाउँदै भने, "यहाँ जे घटना भयो, त्यो सबै तपाइँहरूले देखिहाल्नुभयो । गर्न नहुने गल्ती उसले गर्‍यो । हामीलाई पनि घाइते पार्‍यो । आफ्नो पनि यो गति पार्‍यो । उसले नै मेरो कुनै दोष छैन भन्यो । तपाइँहरूसँग गुहार माग्यो । तपाइँहरू आउनुभयो । तपाइँहरू असल हुनुहुन्छ । आफ्नो ठाउँमा मिलेर बस्नुहुन्छ । मिलेर खेल्नुहुन्छ । मिलेर चर्नुहुन्छ । तपाइँहरूलाई थाहै छ यस टोलमा सारौँ, भँगेरा, गौँथली आदि चराहरू पनि छन् । सबै आ आफ्नो समूहमा मिलेर बस्छन् । मिलेर खेल्छन् । मिलेर चर्छन् । हामी पनि त्यसरी नै बस्छौँ । त्यसरी नै खेल्छौँ । त्यसरी नै मिलेर चर्छौँ । यो कन्ठे भने जहिले पनि हामीले चारो खाने बेला भयो कि हाम्रो बथानमा आउँछ । हामीलाई बल देखाउँछ । हेप्छ । गाली गर्छ । हाम्रो बच्चाहरूलाई झम्टन्छ । ठुँड्छ र अनेक दुख दिन्छ । हाम्रो चारो लुटेर खान्छ । यसो नगर्, आफ्नै समुहमा बस्, आफ्नै समुहमा खेल्, आफ्नै चारो खा भन्दा आज यस्तो घटना घट्न गयो र उसले हामी र हाम्रा बच्चालाई यस्तो पार्‍यो भने हामीले प्रतिरक्षा गर्न खोज्दा उसको पनि यो हाल हुन गयो । घटनाको सत्य, तथ्य बेहोरा यस्तै हो र यही हो । त्यसैले अब आफैँ छुट्याउनुहोस् । वास्तवमा दोष कसको हो ?"

कन्ठे कागले भन्यो, "म यिनीहरूको कुरा मान्न तयार छैन ।"

माउ परेवाले भने, "हामी यसलाई त्यसै छाड्ने पक्षमा छैनौँ ।"

घटनाको स्थिति गम्भीर देखियो । सामान्य छलफलबाट समस्या समाधान नहुने लाग्यो ।

अन्तमा समस्याको समाधान गर्न एउटा विशेष अदालत गठन गर्ने ठहर भयो । दुवै थरीले यो कुरो मन्जुर गरे । अदालतमा कागतर्फबाट दुई ओटा काग, परेवातर्फबाट दुई ओटा परेवा गरी चार सदस्यीय न्यायाधीशको इजलास निर्माण गरियो । काग परेवा दुवैले वादी प्रतिवादी पत्र दर्ता गरे । कागले आफू निर्दोष रहेको र परेवाहरू दोषी भएको जिकिर गरी दोषीमाथि कारबाही गरिपाऊँ भन्ने दाबी गऱ्यो । परेवाहरूले काग दोषी भएको र आफू निर्दोष भएको जिकिर गरी दोषीलाई सजाय दिनुपर्ने माग गरे । दुवै पक्षले आआफ्ना काग परेवा वकिल राखे र न्यायाधीशहरूले वकिलहरूको बहस सुने । दुवैको तर्फबाट प्रमाण सङ्कलन भए । साक्षी, सरजमिनको बयान आदि सबैको अध्ययन गरे न्याधीशहरूले । अध्ययनबाट वादी कागकै गलत बोली व्यवहारका कारण दुवै थरीका बीच अप्रिय घटना घट्न पुगेको देखिन आयो । अन्त्यमा न्यायाधीशहरूले भने, "यस मुद्दामा मिलापत्र गर्न वादी प्रतिवादीको के विचार छ ? मिलापत्र गर्ने विचार छैन भने हामी कानुनअनुसार निर्णय गरी मुद्दाको टुङ्गो लगाइदिन्छौं र आफ्नो दायित्व पुरा गर्छौं ।" वादी कागले भन्यो, "म मिल्न तयार छैन ।"

प्रतिवादी परेवाहरूले भने, "अब उप्रान्त वादी कागले आफ्नो बलको घमन्ड देखाई हामी र हाम्रा बच्चाहरूलाई नहेप्ने, दुख नदिने र हाम्रो समूहमा नआउने हो भने हामी मिल्न तयार छौं । "

न्यायाधीशहरूले वादी कागतर्फका भद्रभलादमी कागहरूलाई सोधे, "यसमा तपाईँहरूको के विचार छ ?"

"कन्ठे काग आफ्नो बथान छाडेर हिँड्छ । बल देखाएर अरूको बथानमा मनपरी गर्छ । उसले गरेको मनपरीको दोष सज्जन कागहरूलाई समेत पार्न खोज्छ र मलाई हेप्नु भनेको हामी सबै कागहरूलाई हेप्नु हो भन्छ । त्यसो हुनाले प्रतिवादी परेवाहरूको भनाइअनुसार वादी कागलाई मिलापत्र गर्न मन्जुर गराउन खोज्नु हामी सबैले प्रयास गर्नुपर्छ भन्ने विचार गर्दै भद्रभलादमी कागहरूले भने, "श्रीमान् ! वादी काग, उसका वकिल र हामी बाहिर बसी एकछिन कुराकानी गर्न चाहन्छौं । यसनिम्ति समय पाऊँ । त्यसपछि हामी आफ्नो विचार सुनाउने छौं ।"

"हुन्छ" भनी न्यायाधीशहरूले कुराकानी गर्न समय दिए । उनीहरू बाहिर गए । सबैले कन्ठे कागलाई सम्झाउँदै भने, "यस मुद्दामा फैसला माग्नु उचित छैन । सबै सबुद प्रमाणबाट गल्ती तेरै देखिन्छ । त्यसो हुनाले प्रतिवादी परेवाहरूको भनाइअनुसार मिलापत्र गर्नु राम्रो

हुन्छ । हामीले त आफूलाई लागेको कुराको सल्लाह दिने हो । पछि पछुताएर कुनै काम छैन । बखतमा बुद्धि पुऱ्याए तेरो राम्रो हुन्छ । आफैँ विचार गर् ।"

कन्ठे कागले बलको घमन्डमा गल्ती गरेकै थियो र अरू कागहरूको आडमा आफ्नो दोष घोरिएर घोसे मुन्टो लाउँदै कन्ठे कागले भन्यो, "तपाईँहरू सबै त्यसै भन्नुहुन्छ भने ठिक छ म मिल्न मन्जुर छु ।"



दुर्जन स्वभावका एक दुई कागले आँखा झिम्क्याउँदै मिलापत्र नगर्न इसारा गरेका थिए तर कन्ठेले मानेन ।

प्रतिवादी परेवाहरूको भनाइअनुसारको बेहोरा पारी वादी प्रतिवादी दुवैतर्फबाट सहीछाप गरी मिलापत्र पेस भयो । पेस हुन आएको मिलापत्र सदर गरी न्यायाधीशहरूले मिसिल तामेलीमा पठाइदिए । यस घटनाको कारण उत्पन्न समस्याको यसरी समाधान भयो । घमन्डी कन्ठे कागले भने आफ्नै गलत घमन्डका कारण एउटा पखेटा सदाको लागि गुमाउनुपऱ्यो ।

अमूल्य उपहार

विजय चालिसे

राजन, सङ्गीता र सबिन तिन भाइ बहिनी थिए । तिनै जना नजिकैको विद्यालयमा पढ्थे । उनीहरूको स्वभाव राम्रो भएकाले सबैले मन पराउँथे । पढ्न, खेल्न र घरमा आमालाई काम सघाउन पनि जाँगर चलाउँथे ।

बाबाले उनीहरूलाई विद्यालय जाँदा सघैँ केही पैसा दिनुहुन्थ्यो । उनीहरू दिउँसो खाजा खाएर केही पैसा बचाउने गर्थे । त्यसरी पाएको पैसा उनीहरूले खुत्रुकेमा राख्ने गरेका थिए । आमाले तिनै जनालाई एकएक ओटा माटाको खुत्रुके किनिदिनुभएको थियो ।

“पर्सि आमाको जन्मदिन होइन ? हामीले पनि उहाँलाई उपहार दिनुपर्छ है ।” राजनले बहिनी र भाइसँग भन्यो ।

“हो त ! पर्सि आमाको जन्मदिन । हामी तिनै जनाले एक एकथरी उपहार ल्याउने ।”

“सङ्गीताले पनि सहमति जनाइन् ।”

“हो ... हो ... आमालाई उपहार दिनुपर्छ” सबिनले भन्यो । भोलिपल्ट उनीहरूले आ आफ्नो खुत्रुकेबाट जम्मा गरेको पैसा झिके । उनीहरूको मनमा के उपहार ल्याउने भन्ने कुरा

खेल्यो । धेरै सोचेपछि राजनले आमाको लागि एउटा घडी किन्यो । सङ्गीताले पुस्तक किनिन् । सबिनले मिठामिठा मिठाईहरू किन्यो । उनीहरूले रङ्गीन कागज किनेर ल्याए ।

त्यसले कागजले मोरेर राम्रा राम्रा पोका बनाए । पोकामाथि एउटा कागज टाँसे । त्यसमा लेखिएको थियो "प्यारी आमालाई जन्मोत्सवको उपहार ।"

आमाको जन्मोत्सव मनाउन उनीहरूले गरेका तयारी कसैलाई पनि थाहा दिएनन् ।

आमाको जन्मदिन उनीहरू सबेरै उठे । दाँत माझ्ने नुहाउने र अरू काम सके । आमाले पनि सबै काम सकिसक्नुभएको थियो । आज बिदा भएकाले उनीहरूले पनि स्कुल जानुपर्दैनथ्यो । त्यसैले तिनै जनाले आमालाई घरको काम सघाए । आज उनीहरूले आमालाई केही काम गर्न पनि दिएनन् । उनीहरूको यस्तो व्यवहार देखेर आमा मनमनै खुसी हुनुहुन्थ्यो । उहाँलाई अनौठो पनि लागिरहेको थियो । उहाँले बाबासँग भन्नुभयो, "आज केटाकेटी अघिपछिभन्दा पनि बढी सघाइरहेका छन्, कुनै काम गर्नै दिँदैनन् । के भएछ ?"

"आज उनीहरूको बिदा पनि त हो नि ! त्यसैले तिमीलाई आराम दिन भनी त्यसो गरेका होलान् । राम्रै त हो नि, काम गर्ने बानी नराम्रो त होइन नि ! मैले पनि त तिमीलाई सक्दो सघाउने गरेको छु नि !" बाबाले भन्नुभयो ।

खाना बनाउने र अरू काम सकियो । सबैजना खाना खान बसे । उनीहरूकहाँ बाबाआमा, छोराछोरी सधैँ सँगै बसेर खाना खाने चलन थियो । आज पनि उनीहरू सबै खाना खान बसे ।

"आमा एकछिन है ! हामी आइहाल्छौँ !" खान खान बसिसकेपछि राजन, सङ्गीता र सबिन तिनै जनाले एकै स्वरमा भने ।

"होइन, के गर्न पऱ्यो अहिल्यै ! खाना खाएर गए पनि त हुन्छ नि !" आमाले छक्क पर्दै भन्नुभयो ।

"केही काम होइन ! हामी तुरुन्तै आइहाल्छौँ ।" उनीहरू तिनै जना आ आफ्नो कोठामा गए । नभन्दै तुरुन्तै उनीहरू खाना खाने कोठामा फर्किए । फर्किँदा उनीहरूको हातमा राम्रा कागतले मोरेको साना ठुला पोकाहरू थिए ।

"आमा ! तपाईलाई जन्मदिनको शुभ कामना ! हामीले उपहार पनि ल्याएका छौँ ।

उनीहरूले ती पोका आमाको अघिल्तिर राखिदिँदै भने ।

छोराछोरीले शुभ कामना भन्दै उपहार दिएपछि आमा असाध्यै खुसी हुनुभयो । उहाँका आखाबाट खुसीका आँसु बगे । उहाँले भन्नुभयो, "आज मेरो जन्मदिन भन्ने कसरी थाहा पायौ ? मेरो, छोराछोरी कति माया गर्छन् ! कति ज्ञानी छन् यिनीहरू !"

"अस्तिनै भन्नुभएको होइन तपाईँको जन्मदिन बैशाख बिस गते हो भनेर ! हामीले लेखेर राखेका थियौं। सधैं बाबाको जन्मदिन पूजा गरेर मनाउँछौं । तपाईँ कहिले पनि मनाउनुहुन्न । त्यही सोचेर हामीले सल्लाह गऱ्यौं, यसपालि थाहै नदिई हामी आमाको जन्मदिन मनाउने !" सङ्गीताले भनिन् ।

"स्याबास् ! तिमीहरूले मेरो गल्ती पनि देखाइदियौ । हो त हाम्रो जन्मदिन तिम्री आमाले सधैं मनाउँछिन् । मैले भने उनको जन्मदिन मनाउने कुरा नै बिर्सेको रहेछु । यो मेरो गल्ती थियो । म पनि दिउँसो उपहार लिएर आउँछु । मेरो गल्तीमा माफी देऊ है राजनकी आमा !" बाबाले आफ्नो गल्तीमा पछुतो मान्दै भन्नुभयो । आमा झन् धेरै खुसी हुनुभयो ।

त्यही खुसीमा आमाले ती पोकाहरू खोलेर उपहार हेर्नुभयो । खाजाको पैसा बचाएर छोराछोरीले ल्याएको उपहार देख्दा आमा असाध्यै रमाउनुभयो ।

"यीमध्ये कुन उपहार बढी मन पऱ्यो आमा ?" सबैभन्दा कान्छो सबिनले उत्सुक भएर सोध्यो ।

"सबै उपहार उत्तिकै राम्रा छन् बाबु ! आफ्ना छोराछोरीले यति माया गरेर ल्याएका उपहार पनि नराम्रो हुन्थे र !" आमाले भन्नुभयो ।

"होइन तपाईँलाई सबैभन्दा बढी मन पर्ने के हो भनेको पो भाइले" दाजु राजनले भन्यो ।

"सबै उपहार राम्रा छन् । मूल्यवान् छन् । तर पुस्तक उपहार बहुमूल्य छ किनभने मिठाइ

खाउन्जेल मिठो हुन्छ । घडी समय हेर्न धेरै काम लाग्छ । यो पनि पुरानो हुन्छ, बिग्रन्छ र काम दिन छोड्छ । पुस्तक फाटेर गए पनि यसले दिने ज्ञान र शिक्षा सधैं रहन्छ । यो कहिल्यै पुरानो हुँदैन, कहिल्यै सकिँदैन । त्यसैले यी मूल्यवान् उपहारमध्ये पुस्तक सबैभन्दा बढी मूल्यवान् र बहुमूल्य हो । आमाको कुरा सबैलाई चित्त बुझ्यो । हो त पुस्तकभन्दा बहुमूल्य अरू केही हुँदैन ।

साधु खरायो

जनकप्रसाद हुमागाईँ

कुनै जङ्गलमा एउटा कुटी थियो । कुटीमा एउटा खरायो बस्थ्यो । उसलाई सबै 'साधु खरायो' भन्थे । ऊ 'राम्रो नराम्रो' का बारेमा शास्त्रार्थ गर्न सिपालु थियो । "के गर्नु राम्रो ?" भन्दा "धेरैको हित हुने काम गर्नु राम्रो " भन्थ्यो । "के गर्नु नराम्रो ?" भन्दा "धेरैको अहित हुने काम गर्नु नराम्रो" भन्थ्यो । त्यस्तै "असल मान्छे कुन हो" भन्दा "धेरैको हित हुने काम गर्ने मान्छे" भन्थ्यो । उसका यस्ता कुरा सुन्न उसको कुटीमा गुलियोमा मौरी झुम्मिएझैँ जङ्गलका जरायो, खरायो, मृग, कृष्णसार, बारसिङ्गा, घोरल थारल, नीलगाई, अर्ना, लोखर्के, न्याउरीमुसा, मलसाँप्रा, सालक, पुतली, फट्याङ्ग्रा, ट्वाँटे किरा, सुगा, मैना, जुरेली, ढुकुर, कोकले, फिस्टो, डाँफे, मुनाल, लुइँचे, कालिज, कोइली, रानीचरी, बट्टाई, च्याखुरा आदिको ठुलो भिड लाग्ने गर्थ्यो ।

साधु खरायोको एउटा चेलो थियो । उसलाई 'चेलो खरायो' भन्थे । उसको काम साधु खरायोको कुटीमा आएका अतिथि पशुपन्छी र जीवजन्तुको स्वागत सत्कार गर्नु, साधु खरायोको खानपिन, कुटीको सरसफाइ, कुटी वरिपरिका बोट बिरुवाको गोडमेल, हेरविचार गर्नु आदि थियो ।

साधु खरायो शाकाहारी थियो । दिनको एक छाक फलफुल कन्दमूल मात्र भोजन गर्थ्यो । एक दिन साधु खरायोलाई आँप खान मन लाग्यो । उसले चेलो खरायोसँग भन्यो, "आज मलाई आँप खान मन लागेको छ । बजारमा जाऊ र आँप किलोको के भाउ रहेछ, बुझेर आऊ ।"

चेलो खरायो बजार गयो । आँपको भाउ बुझ्यो र कुटीमा आएर भन्यो, "गुरु आज बजारमा आँप किलोको दस रुपियाँ रहेछ ।"

साधुले भन्यो, "महँगो रहेछ । भैगो आज आँप नखाने । आफ्नै बगैँचामा भएका फलफुल कन्दमूल जे छन् त्यही खाने । "

चेलो खरायोले त्यसै गरी बगैँचामा भएका फलफुल कन्दमूल खोजी साधु खरायोलाई भोजन गरायो । आफूले पनि त्यही खायो ।

केही दिनपछि फेरि साधु खरायोले भन्यो, "आज बजारमा आँप किलोको के भाउ रहेछ, जाऊ बुझेर आऊ !"

"हवस्" भनी चेलो खरायो बजार गयो। आँपको भाउ बुझ्यो। आँप किलाको बीस रुपियाँ रहेछ। कुटीमा आएर भन्यो, "गुरु। आज त आँप अस्तिको भन्दा दोब्बर महँगो रहेछ !"

साधु खरायोले भन्यो, "दोब्बर महँगो भनेको कति महँगो हो ?" चेला खरायोले भन्यो, "अस्ति बुझ्दा दस रुपियाँ किलो थियो। आज बिस रुपियाँ किलो रहेछ। अनि दोब्बर महँगो भएन त ?"

साधु खरायोले झोलाबाट बिस रुपियाँ झिकेर चेलो खरायोलाई दिँदै भन्यो, "दोब्बर महँगो होइन दोबर सस्तो रहेछ। एक किलो ल्याइहाल र ताछी, काटी गरेर मलाई भोजन गराइहाल !"

चेलो खरायो बिस रुपियाँ लिएर बजार गयो।

'केही दिनअघि दस रुपियाँ किलो पाउँदा धेरै महँगो भनी भैगो आज नकिन्ने भन्नुभयो। आज बिस रुपियाँ हुँदा दोब्बर सस्तो रहेछ। तुरुन्त ल्याइहाल भन्नुभयो। साधु महाराज कतै बिरामी पर्नुभएको त होइन ? नत्र सस्तोलाई 'महँगो' र महँगोलाई 'सस्तो' किन

भन्नुहुन्थ्यो ? अब कस्तो ओखती गर्ने होला र के गरी छिटो बिसेक पार्न सकिएला ?' बाटोभरि चेला खरायोलाई यस्तै चिन्ता लागिरह्यो । आँप किनेर फकँदा पनि उसलाई यस्तै चिन्ताले पिरोलिरह्यो । आँप ताछेर साधु महाराजलाई भोजन गराउँदा पनि यस्तै चिन्तामा डुबिरह्यो । हुँदाहुँदा चिन्तैचिन्ताले चेलो खरायो परालझैँ सुकेर गयो ।

"के भयो ? किन दुब्लाएको ?", साधु खरायोले सोध्यो ।

'गुरुको मगज ठिक छैन जस्तो छ । सस्तो आँपलाई 'महँगो' भन्नथाल्नु भएको छ । महँगो आँपलाई 'सस्तो' भन्न थाल्नुभएको छ । यस्तो कुरा भनौँ भने आफ्नो आदरणीय गुरुलाई कसरी भनौँ ? नभनौँ भने पक्कै गुरु मगजको बिरामी हुनुभएको छ ।' चेलो खरायोलाई यस्तै लागेको थियो र यही चिन्ताले ऊ दिनहुँ दुब्लाउँदै गएको थियो ।

"खान रुच्दैन कि ? खाएको पच्दैन कि ? के हुन्छ ? जे हुन्छ, जस्ताको तस्तै भन । ओखती गरौँला । त्यसपछि त बिसेक भइहाल्छ नि !", साधु खरायोले फेरि भन्यो ।

साधु खरायोले यसरी धेरै पल्ट सोधेपछि अब साँचो कुरो नभनी भएन भनी चेलो खरायोले भन्यो,"गुरु महाराज ! रिसानी माफ होस् । केही दिनअघि दस रुपियाँ किलोको आँपलाई 'महँगो' भन्नुभयो । केही दिनपछि बिस रुपियाँ किलो आँपलाई 'सस्तो भन्नुभयो । दस रुपियाँ किलोभन्दा बिस रुपियाँ किलो दोब्बर महँगो होइन र ? हो भने किन र कसरी तपाईँले यस्तो कुरा गर्नुभएको हो?"

साधु खरायोले भन्यो, "हो बाबा हो ! तर दस रुपियाँ किलो बजार भाउ भएको दिन मसँग पाँच रुपियाँ थियो । बिस रुपियाँ किलो भएको दिन मसँग चालिस रुपियाँ थियो । अनि मेरोनिम्ति पहिलो दिनको दस रुपियाँ किलोभन्दा पछिको बिस रुपियाँ किलो सस्तो भएन त ? चोरेर ल्याउनुभएन । पैसा तिरौँ पुग्ने पैसा थिएन । त्यस दिन तिमीलाई यो दुख किन सुनाउनु भनी केही सुनाइनँ ।"

यसपछि सस्तो महँगोको अर्थ बल्ल बुझ्यो चेलो खरायोले । केही दिनपछि ऊ पहिले जस्तै हृष्ठपुष्ट भयो । अनि उसले मनमनै भन्यो, "मनको बिरामी गुरु होइन, म पो हुन पुगेको रहेछु ।"

परिश्रम नै तपस्या

विजय चालिसे

एकादेशमा जानश्रुति नाम गरेका एक जना राजा थिए । आफ्नो राज्यमा कोही भोका नरहून् भनेर उनले राज्यभर नै सार्वजनिक भोजन घर खोलिदिएका थिए । जोकोहीले पनि त्यहाँ गएर निःशुल्क खाना खान पाउँथ्यो। भोजन घरका कर्मचारीहरू त्यहाँ आउने जोकोहीलाई पनि भोकै पठाउँदैनथे । सबै जना राजाको गुण गाउँथे ।

एक दिन राज्यको एउटा भोजन घर नजिकैबाट एउटा गोरुगाडा जाँदै गरेको देखियो । एकहल गोरुले तानेको त्यस गोरुगाडामा सुकेका दाउरा राखिएको थियो । एक जना ब्राह्मण भेषका युवकले त्यो गाडा चलाउँदै थिए । ती युवक कुनै ऋषि जस्ता देखिन्थे ।

"तपाईं को हुनुहुन्छ ? खाना खाएर मात्रै जानुहोस् । तपाईंका लागि स्वादिष्ट भोजन र दक्षिणा तयार छन् । त्यसपछि थकाइ मारेर पाल्नुहोला !" भोजन घरमा पाहुनाहरूको स्वागत गर्न भनी बसेका कर्मचारीले नम्र भएर भने ।

"मेरो आश्रम घर त्यही पल्लापट्टिको जङ्गल छेउमा पर्छ । म ऋषि रैक्व हुँ । तपाईंले गर्नुभएको अनुरोधका लागि धन्यवाद, मलाई यसै जान दिनुहोस् !" रैक्वले नम्रतापूर्वक नै त्यो आग्रह अस्वीकार गरे ।

"यहाँ आउने कसैलाई पनि केही नखुवाई र दक्षिणा नदिई नपठाउनु भन्ने राजाको आज्ञा छ । त्यसैले हाम्रो निमन्त्रणा स्वीकार गर्नुहोस् ।" कर्मचारीले फेरि पनि कर गरे ।

"हेर्नुहोस्, राजाको यो व्यवस्थाको म विरोध गर्दिनँ । तर परिश्रम नै नगरी सधैँ सित्तैमा खान पाइने व्यवस्थाले हाम्रो हित पनि गर्दैन । त्यसैले म यो परिश्रमबिनाको खाना र दक्षिणा लिन सक्तिनँ । माफ गर्नोस्, मलाई परिश्रम गरेर जुर्ने अन्नबाटै बाँच्न दिनोस् ।

यही मेरो ज्ञान र तपस्या हो।" उनले सम्झाउँदै भने।

'अरू मानिस स्वादिष्ट भोजन र दान दक्षिणाका लागि बिहान बिहान सधैं लाम लाग्छन्। यी भने कस्ता बाहुन र हेछन्, यत्रो आदर गर्दा पनि नआउने।' कर्मचारीले मनमनै भने। भोजघरबाट कुनै मानिस भोकै फर्केको थाहा पाए गाल पथ्र्यो। त्यो थाहा पाएर आफूसँग राजा रिसाउलान् भन्ने उनलाई पिर पऱ्यो। त्यसैले फेरि पनि अनुरोध गरे "हे युवक ऋषि, तपाईंले नखाई गएको सुनेमा राजा हामीसँग रिसाउने छन्। त्यसैले थोरै भए पनि भोजन गरी दक्षिणा लिएर जानुहोस्।

"हेर्नुहोस्, अपाङ्गता भएका, बिरामी र अशक्तहरूको सेवा गर्नु धर्म हो। म त्यस्तो केही पनि छैन। म जस्ता परिश्रम गरेर जीविका चलाउन सक्ने हट्टाकट्टा मान्छेलाई यसरी कर नगर्नु होस्। बलिया बाङ्गालाई सित्तैमा खुवाउँदा अर्काको भरमा बाँच्ने अल्छी बानी बस्न सक्छ। यसरी अल्छी बनाउने काममा मदत पुऱ्याउनु धर्म होइन। तपाईंले मलाई कर नगर्नुहोस्।" ऋषिले फेरि सम्झाए र त्यहाँबाट हिँडे।

त्यो कुरा राजाको कानसम्म पुग्यो। उनी सुन, चाँदी, माणिकको किस्ती बोकेर आफैं ती ऋषिलाई भेट्न हिँडे। उनलाई खोज्दै राजा पाठशाला र ऋषि आश्रमहरूमा पुगे। ऋषिलाई त्यहाँ कतै पनि भेटिएन, उनी खिन्न हुँदै अर्कै बाटो भएर फर्किए। बाटाको छेउमा एउटा सुन्दर बगैंचा देखियो। बगैंचाको माझमा एउटा सुन्दर कुटी थियो। ती ऋषि पसिना बगाउँदै बगैंचामा बिरुवाहरू गोडमेल गर्दै थिए।

“महाराज ... यिनै हुन् ती ऋषि ! ” भोज घरको कर्मचारीले रैक्वलाई चिनेर भन्यो !

राजालाई आश्चर्य लाग्यो, ‘त्यस्ता विद्वान भनिएका ऋषि त किसानी काम पो गर्दै छन् ।’ पठन पाठन र अर्ती उपदेश दिन छाडी काम गरेको देखेर राजा छक्कै परे । तैपनि उनले भने, “ हे ऋषि ! म तपाईको दर्शन गर्न भनी आएको हुँ । यो मेरो उपहार दक्षिणा ठानी लिनुहोस् ।”

“महाराज, परिश्रम नगरी पाइएको कुनै पनि कुरा म लिन सक्तिनँ । यस्तो गर्न थालँ भने म अल्छी र अर्काको भरमा बाँच्नुपर्ने पराधीन प्राणी बन्न पुग्ने छु । यो लिएँ भने पनि यसले मलाई सुख दिन सक्दैन । मेरो मनमात्र दुखाउँछ । त्यसैले कृपया यो फिर्ता लिएर जानुहोस !” ऋषिले उपहार लिन मानेन् ।

केही नलागेर राजाले त्यो उपहार फिर्ता लिए । ती ऋषिको कुराले राजालाई निकै प्रभाव पाऱ्यो । त्यसरी सबैलाई सित्तैमा खाना खुवाउने गरेको आफ्नो व्यवस्था राम्रो नभएको पनि राजाले थाहा पाए । यसले मानिसलाई अल्छी बनाएर परिश्रम नगर्ने बानी बसाउँछ भन्ने उनले बुझे । त्यसपछि उनले नयाँ व्यवस्था गरे । उनले राज्यभरका अपाङ्गता भएका, विरामी, अशक्त र कोहो नभएकालाई धर्मशाला खोलिदिए । परिश्रम पनि गरेर खान नसक्ने बुढाखाडाहरूका लागि खानपिन र औषधी उपचार पाउने निःशुल्क व्यवस्था मिलाइदिए । भोजन घरसम्म आउन नसक्ने अपाङ्गता भएका र असक्तहरूले अब घरमै सिधा पाउन थाले । रैक्वले देखाएको बाटोमा लागेर राजाले गरेको नयाँ व्यवस्थाबाट सबै खुसी भए ।

असल मित्र

जनकप्रसाद हुमागाईँ

कपुर र चन्दनको धेरै राम्रो मिल्ती छ। उनीहरूको पढाइ पनि धेरै राम्रो छ। दुवैले प्रवेशिका प्रथम श्रेणीमा पास गरे। हिजोआज उनीहरू क्याम्पसमा अध्ययन गर्छन् । कपुर चिकित्सा शास्त्र पढेर डाक्टर भई रोगी बिरामीको सेवा गर्छु भन्छ । चन्दन इन्जिनियर भई देशको नव निमार्णमा सधाउ पुऱ्याउँछु भन्छ ।

कपुर र चन्दन खेल्ने, खाने, पढ्ने, सुत्ने, डुलफिर गर्ने सबै कार्य समय तालिका बनाएर सही तालिकाअनुसार गर्ने गर्छन्। उनीहरूको पढाइ राम्रो हुनुको प्रमुख कुरा यही हो । स्वास्थ्य पनि यही कारणले दुवैको राम्रो छ। कपुर चन्दनको पढाइ राम्रो होस् भनी ध्यान दिने गर्छ। चन्दन कपुरको पढाइ राम्रो भनी ध्यान दिने गर्छ। घरमा आमाबालाई र क्याम्पसमा गुरुहरूलाई उनीहरू बरालिएलान्, पढाइ बिगार्लान्, खराब व्यक्तिको सङ्गतमा पर्लान्, दुर्व्यसनी होलान् भन्ने कुनै चिन्ता गर्नुपर्दैन। केबल उनीहरूलाई पढ्न आवश्यक पर्ने व्यवस्था मिलाइदिनुपर्छ। यति भएपछि सबै कुरामा ढुक्क हुन सकिन्छ। कसैसँग अनावश्यक झगडा गर्ने, कसैको कुनै कुरा तलमाथि पार्ने जस्ता कुरा पनि उनीहरू कहिल्यै गर्दैनन्। उनीहरू साँच्चै आदर्श मित्र छन्। अनुकरणीय विद्यार्थी छन्। छरछिमेक र क्याम्पसमा पनि उनीहरूको यस्तै प्रशंसा हुने गर्छ।

एक समय कपुर कमलपित्त रोगले निकै बिरामी पऱ्यो। उसलाई बिसेक पार्न चन्दनले निकै मिहिनेत गऱ्यो। अर्को पल्ट भऱ्याङबाट खसेर चन्दनको गोडा मर्कियो। त्यसबेला कपुरले उसको गोडा बिसेक पार्न त्यसरी नै ध्यान दियो। बिनाकाममा दुवै क्याम्पस जान छाड्दैनन्। कुनै दिन कुनै काम परी जान नपाउने भए भने दुवैले एकअर्कालाई बखतमै सो कुराको जानकारी दिने गर्छन्। सार्वजनिक बिदा परेको दिन पनि उनीहरूको अतिरिक्त कार्यक्रम हुने गर्छ। यस्तो समयमा उनीहरू कहिले गाउँघरको जन जीवनको

स्थिति बुझ्न जाने गर्छन् । कहिले बाटोघाटो, पानी पँधेरो, साँघुपुल, विद्यालय, अस्पताल, वन जङ्गल, कलकारखाना आदिको अध्ययन गर्न निस्कन्छन् ।

कपुर र चन्दनको समय यसरी नै बितेर जाँदै थियो । यस्तैमा एक दिन चन्दनलाई आफ्नो देशको अवस्था र जनताको स्थितिदेखि एकाएक धेरै दिक्क लागेर आयो । त्यस दिन ऊ क्याम्पस पनि गएन् । कपुरलाई सूचना पनि गरेन । एक्लै घोरिएर घरै बस्यो । आमाबाले "के भयो? किन क्याम्पस नगएको ?" भन्दा "अलि सन्चो भएन । त्यसैले नगएको" भन्यो ।

बेलुका कपुर आयो र उसले पनि सोध्यो "किन क्याम्पस नआएको ? के भयो तिमीलाई ? चन्दन बोलेन । चुपचाप बसिरह्यो । कपुरले भन्यो –"बोल न चन्दन बोल ! पीर गरिरहेछ, एक्लै बसेर यसरी ? "

चन्दनले आँखाबाट आँसु धारा बग्न थाले वर्षा याममा झरी परेझैँ । ऊ त्यसरी रुन थालेको देखेर कपुरका आँखाबाट पनि त्यसरी नै आँसु झर्न थाले र कपुरले दु:खी हुँदै भन्यो, "लौ तिमी त आफू पनि रुन थाल्यौ र मलाई पनि रुआयौ । भन चन्दन ! खास के भयो तिमीलाई ?"

चन्दनले आफूलाई समाल्दै रुमालले आँसु पुछ्यो र भन्यो, " कपुर अब म क्याम्पस जान्नँ । इन्जिनियर बन्दिनँ । आँखा चिम्लिन्छु । कान बन्छ गर्छु । ढोका थुन्छु । झ्यालमा पर्दा हाल्छु र कोठाभित्र बसिरहन्छु ।"

कपुरले भन्यो, "चन्दन ! किन यसो भनेको तिमीले ? के यस्तो गर्नुलाई कुनै बुद्धिमानी भन्न मिल्छ र ?"

चन्दनले भन्यो, " आफूले एक थोक देख्न खोज्यो । अरूले अरू थोक नै देखाइदिन्छन् । आफूले एक थोक सुन्न खोज्यो । अरूले अरू थोक सुनाइदिन्छन् । जब देख्न खोजेको कुरा देख्न पाइन्न भने देख्न नचाहेको कुरा हेरिरहनुभन्दा आँखा चिम्लिनु नै बेस होइन र ? आफूले सुन्न चाहेको कुरा सुन्न पाइन्न भने सुन्न नचाहेको कुरा सुन्नुभन्दा कान थुन्नु नै बेस होइन र ?"

कपुरले भन्यो, "तिमीले इन्जिनियर हुन्छु र देशको नव निर्माणमा सघाउ पुऱ्याउँछु भनेका होइनौ ? कि होइन ? नढाँटी भन त !" चन्दनले भन्यो, "त्यही कुरा असम्भव जस्तो देखिन थाल्यो त पढेर इन्जिनियर बन्नु व्यर्थ देख्न थालँ ।"

कपुरले भन्यो, "त्यसो हो भने त झन् धेरै विचार पुऱ्याउन पो खोज्नुपर्छ हामीले । केवल आँखा बन्द गरेर, कान थुनेर त समस्याको समाधान कसरी हुन्छ ? लौ तिमील नै

राम्ररी विचार गरी भन त ! यसरी बस्दा त घरमा आमाबा पिरोलिन थाल्नुहुन्छ। क्याम्पसमा गुरुजनहरूलाई ननिको लाग्न थाल्छ । तिम्रो भलो चाहने सबैलाई पिर पर्छ । तिमीलाई थाहै छ !" चन्दन बोलेन ।

कपुरले फेरि भन्यो, "चन्दन मैले बुझँ तिम्रो मनको कुरा । देश बनाउने र जनताको सेवा गर्ने कुरा त्यति सजिलो छैन र पिर गर्दैमा यस्तो समस्या समाधान हुँदैन । तिमी जस्तै असल भावना भएका मानिस धेरै भएपछि र यस्ता मानिसले धेरै मिहिनेत गरेपछि मात्र यस्तो कार्य सम्भव हुन थाल्छ । यसका निम्ति असल साथी बढाउन आवश्यक हुन्छ। तिमी त म जस्तो तिम्रो असल साथीलाई र आफ्ना असल आमाबा, असल गुरुजनलाई पनि गुमाउने काम गर्न खोज्दै छौ। यसो गर्नु तिम्रै भावनाको उल्टो भएन र ? अर्थात् असल मान्छे यसरी गल्दै जाने हो भने कसरी घट्छ खराब कुरो र कसरी हुन्छ समाजको भलो ?"

कपुरले फेरि थप्यो, "असल मान्छे त्यो हो जो समस्यादेखि कहिल्यै हार खाँदैन र आफ्नो लक्ष्य प्राप्त गर्न सदा प्रयत्नशील रहन्छ, होइन र ? हो भने यसरी पिरोलिन छाडौँ र अब हामी आफ्नो विषयको राम्रो ज्ञान हासिल गर्न थालौँ । एक दिन आफ्नो लक्ष्यमा अवश्य पुग्नेछौँ ।"

चन्दनले सक्कली कुरा बुझ्यो र भन्यो, "मित्र कपुर ! तिमीलाई धन्यवाद । म क्याम्पस जान्छु र अबदेखि तिमीले भनेबमोजिम पढ्नुका साथै असल मित्र बढाउने कार्यमा प्रयत्नशील रहन्छु। जस निम्ति आँखा बन्द गर्दिनँ। अझ राम्ररी हेर्ने गर्छु। कान बन्द गर्दिनँ। अझ राम्ररी सुन्ने गर्छु। कोठाभित्र बस्दिनँ। कर्मक्षेत्रमा उभिन्छु।"

यसपछि चन्दनकी आमाले भान्छा तयार भयो भनिन्। दुवैजना भान्छामा गए र मिठामिठा कुरा गर्दै खाना खान थाले ।

ठग समातियो

विजय चालिसे

विक्रम र विराज सानैदेखि आफ्नो काम आफैँ गर्थे। उनीहरू पढ्नमा पनि तेज थिए विक्रम सानो भए पनि एकदमै चलाख थियो। सानी बहिनी भने आफ्नो काम आफैँ गर्ने उमेरकी थिइनन्। त्यसैले उनलाई आमा र दाजुहरूले मदत गर्नुहुन्थ्यो । विक्रम र विराज समयमा पढ्न जान्थे। समयमा केहीबेर खेल्थे र समयमै घर फर्कन्थे।

बाबा पोखरा जानुभएको थियो। बाबा पोखरा जानुभएको चौथो दिनको कुरा हो, विक्रम स्कुलबाट फर्केर केहीबेर खेल्न भनी निस्कियो। खेलेर फर्कँदा साँझ पर्नै आँटेको थियो। त्यतिबेला पनि दाजु घर फर्केको थिएन। सधैँ समयमै आउने छोराले अबेर गरेकोमा आमा चिन्तित हुनुहुन्थ्यो।

"आज विराजले किन अबेर गऱ्यो।" आमाको चिन्ता बढ्दै थियो। त्यतिकैमा बाहिर कसैले घन्टी बजायो। विराज आइपुगेको होला भन्ने सम्झेर आमाको अनुहार उज्यालो भयो तर बाहिर विराजकै उमेरको अर्को केटो उभिएको थियो।

"तपाइँ विराजकी आमा हुनुहुन्छ ?" आमालाई देख्नासाथ उसले केही आत्तिएझैँ गरी सोध्यो।

" हो.... बाबु को नि ? विराजलाई चिन्नुहुन्छ ?" उसले आत्तिएजस्तो स्वर सुनेर आमा अरू चिन्तित हुनुभयो।

" म विराजको साथी। कलेजबाट फर्कँदा विराजलाई मोटरले ठक्कर दियो। हामीले अस्पताल लगेका छौँ। तुरुन्तै अपरेसन गर्नुपर्छ रे, म पैसा लिन आएको। दसहजार दिनोस् म लिएर गइहाल्छु।" उसको कुरा सुनेर आमा एकदमै आत्तिनुभयो।

"पख बाबु, म पैसा लिएर आउँछु। सँगै जाउँला !" आमा आत्तिएकै अवस्थामा जवाफै

नपर्खी भित्र पस्नुभयो । विक्रम सुरुदेखि नै त्यस केटाको अनुहार गडेर हेरिरहेको थियो । विराजको धेरै साथीहरूलाई ऊ चिन्दथ्यो तर यो केटालाई भने उसले चिनेन र उसको अनुहार पनि त्यति आत्तिएको र चिन्तित जस्तो लागेन ।

"ल ... हिँड... ! विक्रम तिमी बहिनी हेरेर बसिरहनु है । म चाँडै आउँछु । आमा अस्पताल जान हिँड्न खोज्नुभयो ।

"होइन घरमा भाइ छन् । तपाई नगए पनि हुन्छ ! हामी छँदै छौँ नि विराजको हेरविचार गर्न ।" त्यस केटाले भन्यो । उसको कुराले विक्रमलाई झन् शङ्का लाग्यो । आमा नगइदिएहुन्थ्यो भन्ने किन चाहन्छ त्यो ? उसले झट्ट सम्झियो, 'दाइले बिहान घर फर्कन अबेर हुन्छ भनेकको थियो ।'

रमेशकहाँ गएर पढ्नु छ भनेको थियो । विक्रमलाई एकपटक रमेशकहाँ फोन गरेर बुझ्न मन लाग्यो ।

"आमा एकछिन पर्खनोस् है !" अरू केही नभनी ऊ भित्र पस्यो । रमेशको घरमा फोन गऱ्यो । फोन रमेशले नै उठायो । विक्रमले घरमा भएको सबै कुरा सुनायो ।

"भन् त त्यो केटाको अनुहार कस्तो छ ? विराज र हरि सँगसँगै निस्किएका थिए । हरि पो हो कि त !" रमेशले सोध्यो ।

विक्रमले सम्झेसम्म मिल्ने गरी केटाको हुलिया बतायो । हुलिया सुनेर रमेशलाई पनि लाग्यो , कतै ठग त होइन ? रमेशले भन्यो, "त्यसलाई केहीबेर अलमल्याएर राख ! म पनि आउँछु । अस्पताल पुऱ्याएको हो रहेछ भने पनि उपचार भइहाल्छ ।"

रमेशको कुरा सुनेपछि विक्रमले छिमेकी काकालाई पनि फोन गऱ्यो । विकास काका पुलिसमा हाकिम हुनुहुन्थ्यो । उसले विकास काकालाई पनि सबै कुरा बतायो ।

"आमा, ढिलो गर्नुभएन ! म खर्च लिएर जाँदै गर्छु, तपाईँ आउँदै गर्नुहोला ! समयमै औषधी नगुगे के हुन्छ, के !" विक्रम बाहिर निस्कँदा त्यो केटो हडबडाएर भन्दै थियो ।

आमालाई कसरी रोक्ने ? विक्रमलाई असजिलो पऱ्यो । "आमा झ्यालढोका थुनेर जानोस्

न, म भेट्दिनँ, चोर आयो भने मैले के गर्ने ?" उसले केही सोचेर भन्यो ।

"कति अलमल्याउँछ यो केटो पनि !" आमा फतफाताउँदै फेरि भित्र पस्नुभयो । त्यो केटो झन् आत्तिएर हडबडाएको देखियो ।

"विक्रम, उहाँ नै हो विराजको खबर ल्याउने ?" विकास काका आएर सोध्नासाथ त्यो केटो झन् अताल्लिएजस्तो देखियो ।

"हो ... हो ... काका !" विक्रमले भन्यो ।

"तपाईंहरू समय बर्बाद गर्दै हुनुहुन्छ । म हिँडे, तपाईंहरू आउँदै गर्नोस् ।" त्यसले च्याँठिएको स्वरमा भन्यो ।

ऊ हडबडाएको देखेर विकास काकालाई पनि शङ्का लागेछ । काकाले भन्नुभयो, "पर्खनोस्, सँगै जाऔँला । अस्पताल पुऱ्याएको भए किन आत्तिनु !"

काकाको कुराले त्यो झनै आत्तियो ।

"ओहो ... विकास काका पनि ! के भयो ? " एक्कासि विराजलाई त्यहीँ देखेर सबै चकित भए ।

"धेरै चोट त लागेन बाबु ?" आमाले अँगालो हाल्दै भन्नुभयो ।

"धेरै चोट रे ! के भएको छ र मलाई ? म त रमेशकहाँबाट सरासर आउँदै छु । भाइलाई भनेकै थिएँ नि, अलि अबेर हुन्छ भनेर, बिर्स्यो कि क्या हो ? " उसले छक्क पर्दै सोध्यो । "खबरदार ! भाग्ने होइन । अब तँलाई म ठिक गर्छु । " काकाको आवाजले सबैको ध्यान त्यस केटातिर गयो । ऊ भाग्न खोज्दै रहेछ । काकाले उसलाई समात्नुभयो ।

रमेश पनि आइपुग्यो । "विक्रम तिमीले गर्दा आमा ठगिनबाट बच्नुभयो । यस्ता ठगहरूको अहिले बिगबिगी छ ।" विकास काकाको कुराले सबै छक्क परे । विक्रम मनमनै खुसी थियो, 'बाबाले यो कुरा थाहा पाएपछि कति खुसी हनुहोला !'

सडकको महत्त्व

जनकप्रसाद हुमागाईँ

सगुनका आमाबाले धेरै दुःख गरी सहरको दुई किलोमिटर पूर्व एक ठाउँमा घडेरी किनी एउटा सानो घर बनाएका थिए । घर अगाडि फलफुलका बिरुवा रोपी सानो बगैंचा बनाएका थिए । घर र बगैंचाको सुरक्षा गर्न पर्खाल लगाएका थिए ।

उनीहरूले घर बनाएको दस वर्षपछि त्यही घर अगाडि भएर एउटा ठुलो सडक बन्ने भयो । सडकमा पर्ने घर, पर्खाल भत्काउने, जग्गा खाली गर्ने बारे घरजग्गा धनीहरूलाई सडक निर्माण आयोजनाको तर्फबाट सो कुराको सुचना आयो । सूचना पत्रमा लेखिएको थियो –"सबै घरजग्गा धनीहरूले सडक निर्माण गर्ने ठाउँमा परेका घर पर्खालहरू आफ्नै तर्फबाट भत्काउने हो भने पन्ध्र दिनभित्र भत्काइसक्नु पर्ने छ । सडक निर्माण आयोजनाको तर्फबाट भत्काउने हो भने सोही कुराको मञ्जुरीनामाको कागत लेखी सात दिनभित्र सडक निर्माण आयोजनाको कार्यालयमा पेस गरिसक्नुपर्ने छ ।"

सो पत्र प्राप्त भएपछि सगुनका आमाबाले छलफल गरे । उनीहरूको पर्खाल र बगैंचा मात्र सडक निर्माण गर्ने ठाउँमा परेको रहेछ । भविष्यको ख्याल नगरी बनाइएका कति जनाको घरैसमेत भत्काउनुपर्ने भए छ । सगुनका आमाबाले पर्खाल भत्काउने र बगैंचा

खाली गर्ने काम आफ्नै आफ्नैतर्फबाट गरी सडक निर्माणमा सहयोग पुऱ्याउनु आफ्नो बुद्धिमानी हुने ठहर गरे ।

आमाबाको छलफल सुनेर सगुन टोलायो । आमाबाले भने, "ज्ञानी छोरा सगुन तिमी किन टोलाएको?" सगुनले भन्यो, "तपाईँहरूले कति दुःख गरी बनाएको पर्खाल कति मिहिनेत गरी लगाएको बगैँचा भताभुङ्ग पारेर सडक बनाउने भएपछि दुःख लाग्छ नि ! त्यसैले टोलाएको ।"

आमाबाले भने, "तिमीले कुरा त ठिकै गऱ्यौ । तर घरअगाडिबाट ठुलो सडक बन्ने भएपछि आफ्नो घरसम्म मोटर ल्याउन पनि सजिलो पर्छ । घरजग्गाको मूल्य र महत्त्व पनि बढ्छ । यसरी पनि त हेर्नुपर्छ, होइन र ? "

सगुनले कुरा बुझ्यो र मुसुक्क हाँस्दै भन्यो, "त्यसो त हो ।" सगुन आँगनतिर खेल्न गयो । सगुनका आमाबाले पर्खाल भत्काउन र बगैँचा हटाउन दुई जना खेताला खोजे । खेतालाले पाँच पाँच सयमा सो काम गर्ने जिम्मा लिए र ठेक्कामा काम गर्ने जिम्मा लिएको हुँदा रात साँझ गरी दुई दिनमा सो काम सम्पन्न गरे । आमाबाले दुवै जनालाई कबोलअनुसारको पैसा दिए र दुईमध्ये एक जनालाई एक सय पनि दिए र भने –"यो तिमीलाई स्वाबासी दिएको हो । तिम्रो काम राम्रो लाग्यो ।"

आमाबाले उसलाई मात्र किन एकसय स्याबासी दिन भएको हो र अर्कोलाई किन नदिनुभएको हो ? सगुनले बुझ्न सकेन र आमाबासँग सोध्यो, "किन उसलाई मात्र एक सय थप दिनुभएको हो र अर्कोलाई नदिनुभएको हो ?"

एक सय थप पाउने खेतालाले पर्खाल भत्काउँदा पनि जतन गरी इँटा भिक्ने काम गरेको थियो । उसले झिकेको इँटा धेरै सग्लो थियो । सो इँटा पुनः अरू काममा ल्याउन सकिन्थ्यो । उसले बगैँचाका बोट विरुवा पनि जतनसँग खाल्टो खनी झिकेको थियो र अर्को ठाउँमा सार्न योग्य थियो । अर्कोले चाहिँ उसको भागमा परेको पर्खालको इँटा झिक्दा पनि धेरै फुटाएको थियो र बगैँचाका बिरुवाको पनि धेरैको जरा काटिएको थियो, हाँगा डाँठ मर्किएको थियो । जसले गर्दा तिनलाई फेरि काममा ल्याउन नमिल्ने भएको थियो । बाले भने, "राम्रो काम गर्नेलाई पुरस्कार दिनुपर्छ र नराम्रो काम गर्नेलाई दण्ड दिनुपर्छ । त्यसैले हामीले जे गऱ्यौँ ठिकै गऱ्यौँ होइन र ?"

सगुनले एकछिन घोरिएर भन्यो, "त्यसो त हो तर नराम्रो काम गर्नेलाई दण्ड दिने काम त गर्नु भएन नि ! किन नगर्नुभएको त ?"

"नराम्रो काम गर्नेलाई एक सय थप दिएनौँ । यसो गरेको देख्दा पनि उसले नराम्रो काम गर्न छाडेन भने त्यसलाई कसैले पनि काममा बोलाउने गर्दैनन् । काम गर्न नपाएपछि खान लाउनसमेत नपाउने हुन्छ र आफ्नै मतिले आफैँलाई दण्ड दिनेछ । 'दुख पऱ्यो मङ्गले आफ्नै ढङ्गले' यस्तै मान्छेलाई भन्छन् । हामीले यस्तालाई अरू केही गर्नै पर्दैन ।" आमाबाले भने ।

"तपाईँहरू त साँच्चै असल न्यायाधीशजस्तो पो हुनुहुँदो रहेछ । यस्तो कुरो त बल्ल पो थाहा पाएँ । " खुसी हुँदै सगुनले भन्यो । अहिले पढाइ सकेर सगुनले कुनै कार्यालयमा काम गर्न थालेको छ । उसलाई कार्यालय जाँदा आउँदा घरसम्मै मोटरको सुविधा मिलेको छ ।

केही अघि रातको दुई बजे अकस्मात मुटु दुख्ने रोगले सगुन बिरामी भएको थियो । त्यसबेला खबर गर्ने बित्तिकै एम्बुलेन्स आइपुगेको थियो र बखतमै डाक्टरले उसलाई बचाउने कार्य गर्न पाएका थिए । यसपछि त सगुन आफ्नो घरअगाडिको सडकको महत्त्व झन् राम्ररी बुझ्न थालेको छ र कुनै कुनै मानिसले सडक मिचेर पर्खाल लाएको, घर बनाएको देख्यो भने उनीहरूदेखि खिन्न हुँदै मनमनै भने गर्छ –"आफ्नो खुट्टामा आफैँ बन्चरो हान्ने, कस्तो उल्टो बिचारका मान्छे !"

सबैभन्दा महँगो ढुङ्गा

विजय चालिसे

उहिले बाजेका पालाको कथा हो । एक जना धनी किसान थिए । उनीसँग मणि, मोती, हिरा जस्ता धेरै महँगा पत्थरहरू थिए । बाजे बराजुकै पालादेखि उनको दराजमा ती हिरामोती रहिरहन्थे । ती जति थिए त्यति नै हुन्थेह जस्ता थिए त्यस्तै रहन्थे । लाखौँलाखका ती सम्पत्ति देखेर किसान मख्ख पर्थे । आफुलाई संसारकै सबैभन्दा धनी ठान्थे । ती मूल्यवान् पत्थरहरू हराउलान् भनेर उनले सुरक्षाको पनि राम्रो बन्दोबस्त गरेका थिए । तीन चार जनालाई त त्यसकै रेखदेख गर्न जागिर दिएका थिए । ती पत्थर राख्ने कोठा पनि धेरै खर्च गरेर बनाएका थिए । उनी सँगै नभए कोही पनि त्यहाँभित्र पस्न सक्दैनथ्यो । यति राम्रो व्यवस्था छँदाछँदै पनि उनलाई भित्रभित्रै डर भइरहन्थ्यो–कतै चोरिने त होइन !

भित्रभित्रै त्यसरी डराए पनि घरमा आउने जतिलाई ती हिरामोती नदेखाई उनको चित्त बुझ्दैनथ्यो । जो आए पनि उनी त्यो विशेष कोठामा लगेर देखाउँथे । सधैं आइरहने मान्छेलाई पनि उनी बारम्बर देखाउँथे । त्यसरी हेरेपछि आफ्नो प्रशंसा गरिदिऊन् भन्ने उनेको चाहना हुन्थ्यो । “ओहो ... कति धेरै खजाना, तपाईंजति धनी संसारमै कोही छैन होला !” कसैले यति भनिदियो भने उनी खुसीले फुरुङ्ग पर्थे ।

कसैको कुनै काम नआउने ती महँगा पत्थर हेर्दहिर्दा धेरै जना दिक्क थिए । उनका अरू बानी राम्रा थिए । परेको बेलामा गाउँका मानिसलाई मदत पनि गर्थे । सरसापट चलाइदिन्थे । यसैले गाउँलेहरू उनलाई मन पराउँथे । तर सधैं सम्पत्ति देखाउने र प्रशंसा सुन्नुपर्ने बानीदेखि भने गाउँलेहरू वाक्क थिए ।

त्यही गाउँमा एक जना बुढा किसान थिए । उनी बुद्धिमान् थिए । गाउँघरमा आइपरेका

समस्याहरूलाई आफ्नो जुक्तिबुद्धिले हाराउँथे। त्यस्तो बेलामा गाउँका सबै मानिस उनीसँग सल्लाह लिन्थे।

एक दिन उनी गाउँ घुम्दै नजिकैको बुढीआमाको घरमा पुगे। ती बुढीआमा जाँतोमा अन्नका दाना पिँधेर आफ्नो जीविका चलाउँथिन्।

बुढीआमाले जाँतो चलाइरहेको देखेपछि ती किसानको मनमा जुक्ति सुझ्यो। उनले मनमनै भने, हो, "यही उपायले धनी मानिसको त्यो बानी छुटाउँछु।"

ती बुढा किसान धनी किसानको घरमा गए। आफ्नो घरमा आउने सबैलाई ती धनी किसान सत्कार गर्थे। उनले बुढा किसानलाई पनि त्यसरी नै सत्कार गरे। सन्चोबिसन्चो सोधे र फलफुल पनि खान दिए। केहीबेर आराम गरेपछि आफ्नो बानीअनुसार धनी किसानले भने, "हिँड्नोस् तपाईलाई म अमूल्य हिरामोती देखाउँछु।"

"यी पत्थरले कस्तो फाइदा दिन्छन् नि ?" खजाना हेरेपछि बुढा किसानले सोधे।

"फाइदा रे ! कस्तो फाइदा ? यिनलाई बेचबिखन गरे पो फाइदा हुने, बेच्ने कुरो भएन।" धनी किसानले भने।

"यिनबाट केही फाइदा छैन र केही पाइन्न भने किन राख्ने त ? यिनको सुरक्षामा उल्टो खर्च बढ्यो होला। त्यसैले यिनको त्यति धेरै मोल पर्लाजस्तो त लाग्दैन !" बुढा किसानले कुरा नबुझे जस्तो गरी भने।

"तिमी त मूर्ख रहेछौ। लाखौं मोल पर्ने यस्तो बहुमूल्य वस्तु किन राख्ने पो भन्छौ" किसानले भने।

"मेरो छिमेकीसँग यीभन्दा ठुला दुई ओटा पत्थर छन्। ती पत्थरको सुरक्षा गर्न कुनै खर्च पनि पर्दैन। ती पत्थरले त्यसको धनीलाई सधैँ केही दिन्छ पनि। मलाई लाग्छ तपाईँका यी धेरै पत्थरभन्दा ती पत्थर बहुमूल्य छन्।"

"के रे !" धनी किसानलाई विश्वास लाग्ने कुरै भएन। उनले भने, "के नचाहिने कुरा गऱ्या ? कहाँ छ त्यस्तो बहुमूल्य पत्थर, मलाई देखाउन सक्छौ ?"

बुढा किसानले उनलाई आफ्नो गाउँमा लिएर गए। त्यहाँबाट उनीहरू बुढीआमाको घरमा गए। बुढीआमा जाँतो पिँध्दै थिइन्। मानिसहरू उनलाई अन्न पिनिदिएबापत अन्न र रुपियाँ ज्याला दिंदै थिए।

"ल हेर्नोस् यही हो बहुमूल्य पत्थर।" उनले धनी किसानलाई जाँतो देखाउँदै भने। "के ठट्टा गरेको यस्तो ! जाबो जाँतो पनि बहुमूल्य हुन्छ कहीँ। बेकार दुख दिए !" जाँतो देखेपछि धनी किसानले केही रिसाउँदै भने।

"हो ... तपाइँका कसैको केही काम नआउने ती धेरै मोल पर्ने पत्थरहरूभन्दा यो जाँतो धेरै मूल्यवान् छ। अलि विचार गरेर हेर्नोस् त !" बुढा किसानले सम्झाउँदै भने।

"कस्तो कुरा गरेको ! मेरो एउटै मोतीले यस्ता सयौँ जाँताहरू किन्न सकिन्छ।" धनी किसानको चित्त बुझ्ने कुरै थिएन।

"हेर्नोस्, त्यही वस्तुको मूल्य हुन्छ जुन मानिसको काममा आउँछ। तपाइँका ती धेरै मोल पर्ने पत्थरहरू सधैँ एउटा कुनामा थन्किइरहन्छन्। न तिनबाट कसैले फाइदा पाउँछ, न तिनबाट तपाइँलाई केही फाइदा पुग्छ। उल्टो तिनको सुरक्षा गर्न तपाइँको धेरै खर्च हुन्छ। यो जाँतोलाई हेर्नोस् त, यसले यी बुढीआमालाई आम्दानी गराउँछ। यसकै भरमा उनको जीविका चलेको छ। त्यसैले कसैको कुनै काम नआउने तपाइँका ती पत्थरहरूभन्दा यसको मोल बढी परेन त !" बुढा किसानले उनलाई बुझाउँदै भने।

उनको कुराले धनी किसानको आँखा खुल्यो। हो त कसैको कुनै काम नआउने वस्तु जतिसुकै मूल्यवान् भए पनि ती साधारण पत्थरभन्दा फरक हुँदैनन्। उनले त्यसपछि मनमनै अठोट गरे, 'अब म मेरा हीरामोतीलाई बेचेर गाउँमा धारा र स्कुलहरू बनाउँछु। यसबाट सबै गाउँलेले फाइदा पाउने छन्।'